# रुपनी गाँउपालिका
# ज्येष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि, २०७५

रुपनी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

रुपनी, सप्तरी

प्रदेश नं. २, नेपाल

रुपनी गाँउपालिका

# ज्येष्ठ नागरिक परिचय–पत्र वितरण कार्यविधि, २०७५

## १.परिचय

ज्येष्ठ नागरिकहरुलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी निजहरु प्रति श्रद्धा, आदर तथा सद्भाव अभिवृद्धि गर्नुका साथै राज्यद्वारा तोकिएको सेवा एवं सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची–८ को क्र.सं. १६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ वमोजिम रुपनी गाउँ कार्यपालिकाको मिति २०७५/६/१० को बैठकले पारित गरियो कार्यविधि लागू गरेको छ ।

## २.परिचय–पत्र वितरणका आधार

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम ज्येष्ठ नागरिकको हक, ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ अनुसार ज्येष्ठ नागरिकहरुलाई परिचयपत्र दिने व्यवस्था लगायत ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका आधार हुनेछन् ।

## ३. उद्देश्य

क) ज्येष्ठ नागरिकहरुको पहिचान गर्ने र स्थानीय तहदेखि नै ज्येष्ठ नागरिकहरुको लगत राख्ने । उक्त लगत राख्ने कार्यमा एकरुपताका लागी अनुसूची २ को ढाँचामा लगत राख्नु पर्नेछ ।

ख) नेपालको संविधान अनुसार प्रदत्त ज्येष्ठ नागरिकहरुको हक अधिकार सुनिश्चित गर्न र ज्येष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा, धार्मिक तथा सार्वजनिक स्थलमा ज्येष्ठ नागरिकलाई आवश्यक सेवा, सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग) प्रचलित ऐन, नियम अनुसार ज्येष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा, न्याय, अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान, सीप, क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रक्रियामा सहभागी गराउने ।

## ४. लक्षित वर्ग

ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु

## ५. ज्येष्ठ नागरिकको वर्गीकरण

ज्येष्ठ नागरिक सम्बन्धि नियमावली २०६५ को नियम १४ को उपनियम (१) बमोजिम ज्येष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ

(क) साठी वर्ष पुरा गरी सत्तरी वर्ष उमेर पुरा नगरेको ज्येष्ठ नागरिक ।

(ख) सत्तरी वर्ष उमेर पुरा गरेको वरिष्ठ ज्येष्ठ नागरिक ।

(ग) असहाय ज्येष्ठ नागरिक ।

(घ) अशक्त ज्येष्ठ नागरिक ।

(ङ) एकल ज्येष्ठ नागरिक ।

## ६.परिचय–पत्र वितरणका मापदण्ड

ज्येष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेको नेपाली नागरिकलाई मात्र ज्येष्ठ नागरिक परिचय–पत्र प्रदान गर्न सकिनेछ ।

**७. ज्येष्ठ नागरिक परिचय–पत्रको ढांचा**

ज्येष्ठ नागरिक परिचय–पत्रको ढाँचा यस निर्देशिकाको अनुसूची–१ बमोजिमको हुनेछ । ज्येष्ठ नागरिक परिचय–पत्रको आकार नेपाली नागरिकताको प्रमाण–पत्रको आकार बराबरको हुनेछ । उक्त परिचयपत्र एकातर्फ नेपाली भाषामा र पछाडि पट्टि अंग्रेजी भाषामा समेत हुनेछ ।

**८.परिचय–पत्र वितरण प्रक्रिया**

(क) ज्येष्ठ नागरिक परिचय–पत्र प्राप्त गर्न साठी वर्ष उमेर पुगेको ज्येष्ठ नागरिक स्वयं वा निजको संरक्षकले सम्बन्धित स्थानीय तहको वडा कार्यालयमा वडा अध्यक्ष समक्ष निवेदन दिनुपर्नेछ ।

(ख) निवेदनमा आफ्नो उमेर खुलेको नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि र दुई प्रति अटो साइजको फोटो संलग्न हुनुपर्नेछ । यस प्रयोजनको लागि नागरिकताको प्रमाण–पत्रलाई आधार मानिनेछ ।

ग) ज्येष्ठ नागरिक परिचय–पत्र गाउँपालिकाको कार्यालय रुपनी मार्फत प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीद्धारा प्रदान गरिने छ ।

घ) परिचय–पत्र प्राप्त ज्येष्ठ नागरिकहरूको लगत तोकिए बमोजिमको सफ्टवेयरमा कम्प्युटराइज गरी वडा तथा गाउँपालिका कार्यालय मार्फत वार्षिक रूपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारी गराउनु पर्नेछ ।

ङ) ज्येष्ठ नागरिक परिचय–पत्रको प्रतिलिपि लिन गाउँ कार्यपालिकाको कार्यालय रुपनीमा रु १००।–(एक सय रुपैया) दस्तुर सहित निवेदन पेश गर्नु पर्नेछ ।

च) यस गाउँपालिका बाहेक अन्य स्थानको नेपाली नागरिकताको प्रमाणपत्र भएमा अनिवार्य रुपमा निजले बसाई सराई वा मतदाता परिचयपत्र पेश गर्नुपर्नेछ ।

छ) यस पूर्व महिला तथा बालवालिका कार्यालयवाट ज्येष्ठ नागरिकहरुले प्राप्त गरेको परिचय पत्र यसै कार्यविधी बमोजिम भए गरेको हुनेछ ।

**९. विविध**

क) ज्येष्ठ नागरिक परिचय–पत्र वितरणका लागि सम्बन्धित स्थानीय तहले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

ख) गाउँपालिकालाई आवश्यक लागेमा कार्यपालिकाका जेष्ठ सदस्यको संयोजकत्वमा कार्यविधिले तोके बमोजिम सदस्य रहने गरि एक जेष्ठ नागरिक कल्याण समिति गठन गर्न सक्नेछ ।

रुपनी गाउँपालिका

## अनुसुची १

**रुपनी गाउँपालिका**

# गाउँ कार्यपालिकाको कार्यालय

रुपनी, सप्तरी

प्रदेश नं. २ नेपाल

फोटो

# ज्येष्ठ नागरिक परिचय–पत्र

परिचय पत्र नं.

नाम/थरः -......................

ना.प्र.नं.:- ..........................................जारी मिति...................जिल्ला................

ठेगाना :– जिल्लाः सप्तरी गाउँपालिकाः रुपनी

वडा नंः.................................टोल/गाँउः.............................

जन्म मितिः -.............................उमेरः..........................लिङ्गः...............

उपलब्ध छुट तथा सुविधाहरुः -......................................

पति/पत्निको नामः -....................................

हेरचाह केन्द्रमा बसेको भए सोको विवरण :–.............................

सम्पर्क गर्नुपर्ने व्यक्तिको नाम/थर :–...............................

सम्पर्क :–.......................................रक्त समुह :......................

Rupani Rurar Municipality, Saptari Nepal has issued Senior Citizen ID card with following details
Senior Citizen Id: ......................................................................................
Full Name: ................................................................................................
Address: ....................................................................................................
Date of Birth-A.D.: ......................................................Sex: ...................................
Passport no: ..................................Date of Issue: ...............................................

**प्रमाणित गर्ने अधिकृतको**

दस्तखतः

नाम थरः

जारी मितिः

| दायाँ | बायाँ |
|---|---|
| | |

रुपनी गाउँपालिका

## अनुसुची २

# ज्येष्ठ नागरिक परिचय–पत्र अभिलेख विवरण

जिल्ला......................गाउँपालिका ............वडा नं................प्रदेश...............

| सि.नं. | नाम, थर | जन्म मिति | बुवा/आमाको नाम,थर | बाजेको नाम, थर | पति/पत्निको नाम ,थर | संरक्षकको नाम,थर | ना.प्र.नं. तथा जारी मिति र जिल्ला | ज्येठ नागरीक परीचय पत्र नं. तथा जारी मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

**तयार गर्ने**
नाम, थर: -
पद: -

**प्रमाणित गर्ने**
नाम, थर:-
पद: -

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत

रूपनी गाउँपालिका

# अनुसूची –१

(नियम ८को उपनियम (१),नियम १२ को उपनियम (३) र नियम १६को उपनियम(३)सँग सम्बन्धित)

## जेष्ठ नागरिकको व्यक्तिगत अभिलेख

१.जेष्ठ नागरिको व्यक्तिगत विवरण

(क) जेष्ठ नागरिको नाम, थर :-

(ख) बाबु तथा आमाको नाम :-

(ग) बाजे तथा बज्यैको नाम :-

(घ) जन्म मिति र स्थान :-

(ङ) ठेगाना :-

(अ) स्थायी ठेगाना: जिल्ला ..........गाउँपालिका ...........वडा नं.....टोल/गाउँ...................फोन नं. .....................ईमेल....................................................

(आ) अस्थायी ठेगाना: - ...........

(च) लिङ्ग: -

(छ) स्वास्थ्य सम्बन्धि विवरण (कुनै रोग,शारिरीक अपाङ्गता र कुनै दीर्घ रोग भए खुलाउने)

(ज) नागरिकता: -

२.जेष्ठ नागरिको परिवार सम्बन्धि विवरण :-

(क) संगोलको छोरा, बुहारी ,छोरी, नाति, नातिनीको –

(अ) नाम, थर र ठेगाना: -

(आ) सम्पति तथा आयस्ता सम्बन्धि विवरण :-

(ग) हकवाला सम्बन्धि विवरण: -

क्र.सं. नाम, थर उमेर नाता व्यवसाय ठेगाना

१.

२.

३.

(घ) अन्य पारिवारिक पृष्ठभुमि :-

३.जेष्ठ नागरिकको शैक्षिक योग्यता र पेशागत दक्षता :-

(क) शैक्षिक योग्यता :-

(ख) पेशागत दक्षता :-

(ग) अनुभवको क्षेत्र :-

(४) जेष्ठ नागरिकको सम्पत्ति विवरण :-

(क) चल सम्पति :-

(ख) अचल सम्पति :-

प्रमाणित गर्नेको :-

नाम,थर :-

पद :-

निकाय :-

कृष्णा गाउँपालिका